·भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं : ०११-५९०४६८, ५९९४६७
इमेल: ito.bhotekoshimun@gmail.com

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/०८/०५

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोकको लागि आ.व. २०८१/०८२ मा तपसिलका पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्वारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नुहुन सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| क.स. | विज्ञापन नं. | पद | सेवा/समुह | तह | माग पद संख्या | दरखास्त शुल्क | |
|---|---|---|---|---|---|---|---|
| १. | ११-२०८१/०८२ | अ.हे.व. | स्वास्थ्य/हे.इ. | चौथो | १ | ५०० | |
| २. | १२-२०८१/०८२ | असिष्टेन्ट सब इन्जिनियर | इन्जिनियरिङ | चौथो | २ | ५०० | |
| ३. | १३-२०८१/०८२ | सब इन्जिनियर/ प्रा.स | इन्जिनियरिङ | पाँचौं | १ | ७०० | |

१. दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
- नेपाली नागरिकताको प्रतिलिपी
- कार्य अनुभव भए सोको प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैंक भौचर

२.शैक्षिक योग्यता :

क. अ.हे.व: नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको साथै नेपाल स्वास्थ्य नियमावली २०५५ को नियम १५ बमोजिम तोकिएको देहायको शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्ने छ:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C तथा सि.एम.ए वा सो सरह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको।

ख. असिष्टेन्ट सब इन्जिनियर . : मान्यता प्राप्त शिक्षण संस्थाबाट S.L.C/ S.E.E वा सो सरह उत्तीर्ण गरी सम्बाधित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा T.S.L.C/ S.E.E. कोर्ष उत्तीर्ण गरेको वा माध्यमिक तहमा सिभिल इञ्जिनियरिङ तर्फको प्राविधिक तथा व्यवसायिक विषय लिई S.L.C./S.E.E. वा सो सरह उत्तीर्ण ।

ग. सब इन्जिनियर/प्राविधिक सहायक : नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा सिविल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा आभरसेयर वा डिप्लोमा तह उत्तीर्ण गरेको र आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको।

३. उम्मेदवारको उमेर हद : सहायकस्तर पदको हकमा १८ वर्ष र अधिकृत स्तरको हकमा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको।

४. दरखास्त बुझाउने स्थान : गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००२८ नबिल बैंक, तातोपानी शाखा, सिन्धुपाल्चोक ।

५. कार्य विवरण, सेवा शर्त तथा तलव सुविधा : नेपाल सरकारले तोके बमोजिम हुने ।

६. काम गर्नु पर्ने स्थान :

- भोटेकोशी गाउँपालिका मातहतका कार्यालयहरु ।

७. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता ।

८. दरखास्त फाराम बुझाउने स्थान : भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय वा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैंक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।

९. परीक्षा सम्बन्धि जानकारी कार्यालयको वेव साइट/फेसबुक पेज र सूचना पाटीमा पछि प्रकाशन गरिनेछ ।

१०. थप जानकारीको लागि : स्वास्थ्य शाखा ९८५१२३३०७४ (भपेन्द्रलाल श्रेष्ठ) वा सूचना प्रविधि शाखा ९८६७६८५७६२ (गंगासागर पौडेल), प्रशासन शाखा ९८४४८१०६२० (कृष्ण प्रसाद कँडेल),

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउदा पेश गरेका कागजातहरुको सक्कल प्रमाणपत्र सहित उपस्थित हुनु पर्ने छ ।

नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेब साइट (www.bhotekoshimun.gov.np) बाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर

२०८१/८/५

प्रमुख प्रशासकीय अधिकृत